# इटहरी उप महानगर पालिका

Itahari Sub- Metropolitan City
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
इटहरी सुनसरी

पत्र संख्या नं. : २०७७/०७८ शिक्षा, युवा तथा खेलकुद विकास महाशाखा फोन नं. ०२५५८३२१९
चलानी नं.: ३०५

मिति : २०७८।०२।१६

श्री इटहरी उपमहानगरपालिका भित्र सञ्चालित सबै विद्यालयहरु,
इटहरी, सुनसरी ।

*विषय : अन्तिम मूल्याङ्कन तथा नतिजा प्रकाशन सम्बन्धमा ।*

प्रस्तुत विषयमा हाल विश्वभर फैलिरहेको कोभिड १९ को प्रभावका कारण प्रत्यक्ष रुपमा आम जनता,विदयलयका शिक्षक, बालबालिका तथा अभिभावकहरु समेतमा असर परेको हुँदा भौतिक रुपमा विद्यालयमा उपस्थित भई कुनै पनि परीक्षा सञ्चालन गर्ने अवस्था नरहेकोले मिति २०७८।०२।१६ गते बसेको परीक्षा समितिको बैठकको निर्णयानुसार तपसिल बमोजिमको आधारमा रहि २०७७ सालको अन्तिम परीक्षाको नतिजा प्रकाशन गर्न गराउनु हुन अनुरोध छ ।

तपसिल

१. कक्षा १–३ लागि शत प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कनको आधारमा,
२. कक्षा ४ को लागि ५० प्रतिशत निरन्तर र ५० प्रतिशत आवधिक मूल्याङ्कनको आधारमा,
३. कक्षा ६–७ को लागि ६० प्रतिशत आवधिक र ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कनको आधारमा,
४. कक्षा ९ को लागि विद्यालयले पछिल्लो पटक लिएको परीक्षाको मूल्याङ्कनको आधारमा,

उपरोक्त अनुसारको कक्षाहरुको अन्तिम परीक्षाको नतिजा मिति २०७८ साल जेष्ठ मसान्त भित्र प्रकाशन गर्ने गराउने व्यवस्था मिलाउने,

५. कक्षा ५ को अन्तिम परीक्षाको मूल्याङ्कन सम्बन्धमा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्न र ५० प्रतिशत विद्यालयले पछिल्लो पटक लिएको परीक्षाको आधारमा गत सालको कक्षा ५ को ग्रेड लेजर अनुसारको ढाँचामा २ प्रति ग्रेड लेजर तयार गरी प्र.अ बाट प्रमाणित ग्रेड लेजर Scan गरी मिति २०७८ साल जेष्ठ २५ गते भित्र सम्बन्धित विद्यालयले यस महाशाखाका अधिकृत कुसुम पोखरेल मगरको इमेल kusum.magar123@gmail.com मा इमेल गरी पठाउने र ग्रेड लेजर प्रमाणित भए पछि नतिजा प्रकाशन गर्ने ।

६. कक्षा ८ को अन्तिम परीक्षाको मूल्याङ्कन सम्बन्धमा तोकिएको पाठ्यक्रम अनुसार विद्यालयले लिएको परीक्षाहरु मध्ये पछिल्लो पटक लिएको परीक्षालाई आधार मानि अन्तिम नतिजा प्रकाशनको लागि तपसिल बमोजिम गर्ने,

१. परीक्षामा सहभागि नहुने परीक्षार्थीलाइ IEMIS मै NOT IN SCHOOL मा CLICK गरेर,आ– आफ्नो IEMIS को TEMPLATE DOWNLOAD गर्ने, परीक्षार्थीहरुका Symbol no. राख्ने,सैद्धान्तिक तथा प्रयोगात्मक अंक प्रविष्टि गर्ने,
२. DOWNLOAD गरेका TEMPLATE लाइ RENAME नगर्ने,
३. भरेको TEMPLATE लाइ IEMIS मा UPLOAD गर्ने,
४.विद्यालयबाट गलत विवरण पेश गरेको पाइएमा सो को कानुन बमोजिम जवाफदेहि विद्यालय आफै हुनुपर्ने,
५. UPLOAD गरेको TEMPLATE प्रिन्ट गरी सम्बन्धित प्र.अ ले प्रमाणित गरी सो को HARD COPY Scan गरी इमेल ठेगाना blceitahari12345@gmail.com मा मिति २०७८ साल जेष्ठ २५ गते भित्र अनिवार्य रुपमा इमेल गर्ने
६. कक्षा ८ को अंक प्रविष्टि सम्बन्धि समस्या भएमा थप जानकारीको लागि ९८४२०७८१०२ मा सम्पर्क गर्ने,

माथि उल्लेखित कार्य सम्पन्न पश्चात् शिक्षा महाशाखाले जेष्ठ मसान्त भित्र नतिजा प्रकाशन गर्नेछ ।

– श्री सूचना तथा प्रविधि शाखा - Website मा Upload गरिदिनु हुन ।

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**सूर्यप्रसाद सुवेदी**
प्रमुख प्रशासकिय अधिकृत